**Prithvi Darpan**
**Vol. 7, Issue 1, February 2025**
**Department of Nepali Education, Prithvi Narayan Campus, (TU)**
**Pokhara, Nepal**
**ISSN : 2594-3413**

# चीत्कार कथामा नारी उत्पीडन

**डा. गणेश शर्मा**
**नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**
Email: sharmaganesh36@yahoo.com

Received date : 9 December 2024, Reviewed date : 5 January 2025, Accepted date : 7 February 2025

**लेखसार**

प्रस्तुत लेख ध्रुव सापकोटा (२००९) द्वारा लिखित "चीत्कार" कथामा अभिव्यक्त नारी उत्पीडनमा केन्द्रित रही विश्लेषण गरिएको छ। यो कथा २०५१ सालमा पहिलो पटक गरिमा पत्रिकामा प्रकाशित भएको पाइन्छ। यस कथामा नेपाली समाजका निम्नवर्गीय नारी जीवनमाथि पुरुषवर्गले गरेका दमन, शोषण, अन्याय, अत्याचारका कुरूप अवस्थाको चित्रण गरिएको छ। पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारीहरू भय, सन्त्रास र आतङ्कको भूमरीमा उत्पीडित भएर बाँच्नुपरेको यथार्थ घटनालाई कथामार्फत अगाडि सारिएको छ। कथामा बाँच्नका लागि भोकको अभावलाई पूर्ति गर्न बाध्य भएका नारी पात्रहरू नचाहँदा नचाहँदै पनि यौनजन्य समागम क्रियामा संलग्न हुनुपरेको विवश परिस्थितिलाई कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ। नेपाली समाजमा खुला यौनधन्दालाई सामाजिक दृष्टिले वर्जित गरिए पनि बादी जातिका नारीहरूले पेसागत रूपमा अवलम्बन गरेको अस्वीकृत यौनधन्दालाई यसमा मुख्य विषय बनाइएको छ। कथामा चित्रण गरिएका सबै नारी पात्रहरू उत्पीडनमा परेका भए पनि सचेत भएर विद्रोह गर्न सकेको अवस्थालाई देखाइएको छैन तापनि आफू अनुकूल कुनै कार्य नहुँदा आंशिक रूपमा संवेदनामार्फत प्रत्यक्ष वा अप्रत्यक्ष प्रतिकार गरिएका केही छनक भने पाउन सकिन्छ। प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सामग्रीको चयन पुस्तकालयीय स्रोतबाट सङ्कलन गरी तिनको पठनपश्चात् पाठविश्लेषण विधिको उपयोग नारीवादका केही सैद्धान्तिक मान्यताका आधारमा पाठको विश्लेषण गरिएको छ।

***शब्दकुञ्जी*** : नारीचेतना, पितृसत्ता, उत्पीडन, लैङ्गिकता, वर्गीयता।

## विषय प्रवेश

सामाजिक विषयस्तुलाई यथार्थ रूपमा प्रस्तुत गर्ने ध्रुव सापकोटा आधुनिक नेपाली कथासाहित्य लेखन परम्पराका एक प्रमुख कथाकार हुन्। साहित्यका क्षेत्रमा आख्यान विधालाई लेखनको प्रमुख आधार मानेका सापकोटाले कथा र उपन्यास सिर्जना गरी नेपाली साहित्यको विकासमा योगदान

*Copyright 2025 © the Author (s) and the Publisher*

पुऱ्याएका छन् । उनको प्रति चक्रव्यूह (२०३२ सहलेखन), उच्चारण (२०३५), नेपथ्य (२०३८) हामी हाँसिरहेछौँ (२०५३), अन्धकार (२०६०) प्रकाशित कथासङ्ग्रह हुन् । यस्तै आकाश विभाजित छ (२०३२), देहमुक्त (२०४४), अवतार विघटन (२०४५) जस्ता औपन्यासिक कृति सहलेखनमा प्रकाशित भएका छन् भने उनको विखण्डित (२०५५) औपन्यासिक कृतिसमेत प्रकाशित भएको छ । लेखनमा इमान्दारिता मर्दै गएको, मौलिकता हराउँदै गएको छ भन्ने विचार व्यक्त गर्ने सापकोटा नेपाली कथालेखनमा समकालीन यथार्थपरक सत्यनिष्ठ घटनालाई प्रस्तुत गर्दै मौलिकतालाई आत्मसात गर्ने कथाकार पनि हुन् । निम्नवर्गका नारी पात्रले जीवनमा भोग्नुपरेका दुःखद् र पीडादायी मानसिक अवस्थाको दुरुस्त चित्रण कथामा गरिएको छ । यौनिकजस्तो संवेदनशील विषयलाई यौनतृप्तिका रूपमा नहेरी भोकको ज्वालालाई शान्त पार्न गरिएको बाध्यात्मक अवस्थालाई कथात्मक रूप प्रदान गरिएको छ । यस कथामा आर्थिक अवस्थाका कारण चौध बर्से बदेनीकी नातिनीले यौन क्रीडाबाट भोग्नु परेको पीडाजन्य अवस्थाको यथार्थ चित्रण गरिएको छ । देह व्यापारलाई आयआर्जनको मूल साधन मान्दै बज्यै, आमा र छोरी तीनपुस्ते नै यौन व्यापारमा संलग्न भएको कुरा देखाइएकाले यो परम्परागत पेसाका रूपमा निरन्तर चलिआएको देखिन्छ । बाँच्नका लागि यौन व्यापारबाहेक अन्य पेसातर्फ लाग्न नचाहने बादी जातिका नारीहरूले जीवन धान्न अर्थात् बिहान बेलुकाको जोहो टार्न आधा रातसम्म पुरुषहरूको आगमनमको प्रतीक्षामा बस्नु परेको यथार्थ अवस्थासमेत प्रस्तुत गरिएको छ । यस कथामा विशेष गरी बदेनीकी चौध बर्से नातिनी यौन कार्यमा संलग्न हुने चाहना नरहँदा नरहँदै पनि तीस बर्से युवकको यौनजन्य क्रीडा सहन नसकेको पीडा र त्यसले जन्माएको चीत्कार नै प्रस्तुत कथाको मूल स्वर बनेर आएको छ । प्रस्तुत कथालाई अध्ययन विश्लेषण गर्न नारीवादका केही सैद्धान्तिक मान्यताका आधारमा बादी जातिका नारीमा देखिएका उत्पीडन र त्यसले पुऱ्याएको आघातलाई खोतल्ने कार्य गरिएको छ ।

## समस्याकथन तथा उद्देश्य

कथाकार ध्रुव सापकोटाद्वारा लिखित चीत्कार कथामा नारीमाथि गरिएका दमन, शोषण, अन्याय, अत्यचारका क्रुर अमानवीय पुरुषजन्य क्रियाकलापलाई प्रस्तुत गरिएको छ । समाजको यथार्थ विषयलाई कथा बनाएर सरल र सहज ढङ्गले प्रस्तुत गर्न सक्ने क्षमता कथाकारमा रहेको देखिन्छ । नेपाली समाजमा नारी जाति लैङ्गिक, वर्गीय, सामाजिक तथा सांस्कृतिक विभेदमा परेका छन् । नारी स्वतन्त्रता र समानताका सैद्धान्तिक कुरा जतिसुकै गरिए पनि व्यवहारमा नारीहरू पछाडि परेका छन् । सामाजिक संरचना पुरुषप्रधान भएकै कारण विभिन्न बहानामा नारीहरू पुरुषबाट अपहेलित र शोषित हुँदै आएका छन् । नेपालको दाङलगायत अन्य क्षेत्रमा बसोवास गर्ने बादी जातिका नारीमाथि पुरुषवर्गले गरेका कुकृत्य र त्यसले ती नारीका मानसिकतामा पारेको त्रासपूर्ण अवस्थाको चिरफार गर्नु यस कार्यको उद्देश्य रहेको छ । तसर्थ चीत्कार कथामा लैङ्गिक, वर्गीय, सामाजिक तथा सांस्कृतिक रूपमा बादी जातिका नारीहरू कसरी उत्पीडनमा परेका छन् भन्ने मुल समस्यामा अध्ययन केद्रित रहेको छ । यिनै समस्याहरूको निदान गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख नारीवादका केही पक्षसँग सम्बन्धित रहेर त्यसको सैद्धान्तिक अवधारणा निर्माण गरी चीत्कार कथाको अध्ययन विश्लेषण गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको भएकाले

यसको विश्लेषणमा निगमनात्मक शोधविधिको उपयोग गरिएको छ। विश्लेषणका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट प्राप्त गरिएको छ । प्राथमिक स्रोतका रूपमा चीत्कार कथालाई लिइएको छ भने द्वितीय स्रोतका रूपमा नारीवादसँग सम्बन्धित विभिन्न सामग्रीहरूको उपयोग गरी उक्त कथाको विश्लेषण गरिएको छ । पितृसत्ताको दबदबा रहेको समाजले नारीवर्गलाई तिरस्कृत, अपहेलित र उपेक्षित गर्दै आइरहेको छ। राज्यबाट प्रदक्त हक, अधिकारबाट समेत नारीहरू वञ्चित भएका छन् । यस्तै नारीमाथि गरिएका दमन, शोषण, अन्याय, अत्याचारका विरुद्धमा सङ्गठित भएर नारीका अधिकारको संरक्षण गर्ने, समानता र न्यायको स्थापना गर्ने र नारी सशक्तिकरण गर्ने उद्देश्यका साथ थालिएको एउटा आन्दोलनको रूप नारीवाद हो। चीत्कार कथामा आएका नारी पात्रका विवशता र बाध्यताको चित्रण गर्दै तिनमा देखिएका लैङ्गिक, वर्गीय, सामाजिक तथा सांस्कृतिक उत्पीडनका विविध पक्षमाथि केन्द्रित रहेर अध्ययन विश्लेषण गरिएको छ। सामग्रीको अर्थापनका लागि गुणात्मक शोध ढाँचाका आधारमा पाठविश्लेषण विधिको उपयोग गरिएको छ।

## सैद्धान्तिक अवधारणा

नारीवाद अङ्ग्रेजी शब्द फेमिनिज्मको नेपाली रूपान्तर हो । यो पछिल्लो समयमा स्थापित भएको साहित्यिक मान्यता हो। नारीवादले समाजका हरेक क्षेत्रमा दबाइएका, हेपिएका नारीलाई माथि उठाउन, मुक्ति प्रदान गर्न र आत्म निर्भर बन्न प्रेरित गर्दछ (अधिकारी, २०६८, पृ. ३३) । लेखनका माध्यमबाट नारीवादी चेतनाको प्रयोग गरिएको पहिलो कृति मेरी उल्टोन क्राफ्टको “A Vindication Of The Rights of Women” (सन् १९७२) लाई मानिएको छ । यो लैङ्गिक सन्दर्भमा महिलाहरूले आफ्नो सामाजिक तथा राजनीति अधिकारको खोजी गर्ने क्रममा १५ औं शताब्दीबाट आन्दोलनको रूपमा विकसित भएको हो (त्रिपाठी, २०७६, पृ. २०९ )। वर्तमान समयमा नारीवाद विश्वका नारीहरू एकत्रित भई पुरुषसमान अधिकार प्राप्तिका लागि गरिएको सङ्गठित रूप मानिएको छ। साहित्यका क्षेत्रमा नारीवादी लेखन र लैङ्गिकता सम्बन्धी चिन्तन फ्रान्सेली लेखक सिमोन्त बुआको “The Second Sex” (सन् १९४९) नामक कृति प्रकाशित भएपछि प्रारम्भ भएको मानिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ३७२) । महिलाहरू पुरुषबाट विभेदको सिकार बन्न पुगेपछि उनीहरूले हाम्रो इतिहास आफै लेखिनुपर्छ, हाम्रो आफ्नै छुट्टै भाषा हुनुपर्छ, हाम्रो शरीरमाथि आफ्नै अधिकार हुनुपर्छ भन्दै पुरुषका हरेक खाले दमन, शोषण, अत्याचारको अन्त्य गर्नुपर्छ भन्ने धारणा नारीवादको मूल आधार मानिन्छ ( त्रिपाठी, २०६८, पृ. ३१)। समग्रमा व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वले महिला र पुरुषका बीचमा गरेको विभेद तथा शोषणका विरूद्धमा नारीहरूद्वारा सचेत रूपमा गरिएको संघर्षको एक स्वरूपलाई नारीवाद मानिन्छ।

नारीहरूलाई पूर्वीय र पाश्चात्य दुबै परम्पराले धर्म, दर्शन, कानुन, अर्थ तथा राजनीति चेतनामा नारीमाथि अवरोध सिर्जना गरिएको छ। यसले सामन्तीवादी युगसम्म जरा गाडेर बसेको कुरा विभिन्न तथ्यको अध्ययनले पुष्टि गरेको छ । समाजमा जरा गाडेर बसेको सामन्तीवादी युगसम्म नारीलाई स्वतन्त्रता, समानता नारी अधिकारबाट वञ्चित गराइँदै आएको छ। नारीवादले नारीप्रतिको पश्चगामी चिन्तनलाई बदल्न, सामाजिक विकास गर्न तथा नारीलाई सक्षम, सबल र पुरुषसरह प्रतिस्पर्धात्मक बनाएर सशक्तीकरणमा जोड दिन्छ (शर्मा, २०७८, पृ. ११)। समाजमा विकसित हुँदै गएको पुरुषवादी दासता अन्त्यका लागि नारीहरूको भूमिका महत्वपूर्ण देखिन्छ, यसका विरुद्धमा लाग्दा धेरै नारीहरूले

साहदत प्राप्त गरे र परिणामस्वरूप सामन्ती दासयुगको अन्त्य भई पुँजी वादको विकास भयो र महिलाहरू पनि सामाजिक उत्पादनका कार्यमा सहभागिता जनाउन थालेपछि आफूहरू पुरुषहरूबाट शोषित भएको कुरा बुझ्न थाले (त्रिपाठी, २०६८, पृ. १६) । यसपछि अमेरिका र युरोपमा नारी जागरण र नारी मुक्तिका आन्दोलनहरू भए जसले नारी वादको स्थापना गर्न प्रेरणादायी भूमिका प्रदान गऱ्यो । कुनै पनि ढङ्गले महिलामाथि हुने दमन, शोषण, अत्याचार, विभेद आदिको अन्त्य गरी समानतामूलक समाजको परिकल्पनाका साथ नारीहरूद्वारा गरिएको सचेत आन्दोलन नै नारीवाद हो ।

नारीवादको स्थापनाका लागि पश्चिमी मूलुकमा भएका राज्य क्रान्तिले पनि विशेष भूमिका खेलेको पाइन्छ । सन् १७७६ मा अमेरिकाली राज्यक्रान्ति र सन् १७७९ को फ्रान्सेली राज्यक्रान्तिले सफलता प्राप्त गर्नुमा नारीहरूको पनि उत्साहजनक उपस्थिति रहेको कुरा अध्ययनबाट प्राप्त गर्न सकिन्छ (अधिकारी, २०६८, पृ. ३३) । त्यतिबेला अमेरिकाका महिलाहरूले राजनीतिक, आर्थिक एवम् सामाजिक समानताका लागि गरेको आन्दोलनको भूमिका पनि महत्वपूर्ण रहेको देखिन्छ । सन् १८४८ मा न्युयोर्कमा “सिनेका फल्स” नामक महिला अधिकार सम्बन्धी पहिलो सम्मेलनबाट महिलाहरू साङ्गठनिक रूपमा अगाडि बढ्न थालेको देखिन्छ (त्रिपाठी, २०६८, पृ. २१ ) । यस सम्मलेलनपछि महिलाहरू राजनीतिमा पुरुषसरह अधिकार प्राप्त गर्न सफल रहे । यसै गरी १५ औं शताब्दीमा युरोपमा भएको औद्योगिक क्रान्तिको आन्दोलमा समेत नारीहरूको भूमिका उल्लेखनीय देखिन्छ । यस आन्दोलनपछि औद्योगिक प्रतिष्ठानहरूमा महिला श्रमिकका रूपमा प्रवेश, न्यून ज्याला तथा श्रमिक सङ्गठनमा पुरुष सहकर्मीबाट प्रवेशमा लगाइएको रोक, कारखानाका मालिकले गर्ने श्रमको शोषण र मजदुरहरूले महिलालाई घरायासी कार्यमा सीमित हुन उत्प्रेरित गर्ने क्रमसँगै उनीहरूमा जागरण पैदा भएको पाइन्छ (त्रिपाठी, २०६८, पृ. २२) । औद्योगिक कान्तिले महिलाहरूलाई श्रमको बजारमा प्रवेश मात्र गराएन, उनीहरूमाथि हुने गरेका विभेदका विरुद्ध आवाजसमेत बुलन्द रूपमा उठ्न थालेको पाइन्छ ।

सन् १८४८ को सिनेका फल्स सम्मेलन तथा मार्क्स एङ्गेल्सको चिन्तनको प्रभाव स्वरूप नारी आन्दोलनले नयाँ रूप लियो । महिलाहरू घरभन्दा बाहिरको कार्यमा संलग्न हुन थालेपछि उनीहरूमा नयाँनयाँ समस्याहरू देखा पर्न गए । तिनको समाधान स्वरूप नारी आन्दोलनले नयाँ मोड प्राप्त गऱ्यो । महिलाहरू आफ्ना समस्याहरूसँग जुध्न आफै आन्दोलित हुनपर्छ, त्यो आन्दोलन सङ्गठित पनि हुनुपर्छ भन्ने धारणाको विकास भएपश्चात् युरोपेली महिलाहरूले गरेको संघर्षले जे जति अधिकार प्राप्त गर्न सक्यो, त्यो युरोपेली नारी मात्रको नभै विश्वका सम्पूर्ण नारीहरूको प्राप्ति बन्न पुग्यो ( त्रिपाठी, २०६८, पृ. २८) । यसबाट नारीहरूमा चेतनाको दियो फैलँदै गयो र त्यसले एउटा उचाइ प्राप्त गऱ्यो । यस्ता प्रयासले नारीहरूलाई विस्तारै माथि उठाउने काम गऱ्यो र सन् १९६० पछि नारीवादी सिद्धान्त र समालोचनाको स्थापना गऱ्यो (शर्मा र लुइटेल, २०६१, पृ. ३७१) । यसपछि साहित्य र समाजशास्त्रका क्षेत्रमा नारीवाद शब्दको विशेष प्रयोग गरिन थालियो । नारीवादी इतिहासको खोजी, अध्ययन तथा विश्लेषण गर्ने कार्य हुँदै जाँदा नारीवादका विभिन्न स्वरूपहरू निर्माण हुँदै आगाडि बढेको पाइन्छ ।

विश्वमा रहेका सबै नारीहरूमा स्वतन्त्रता, समानता र आत्मनिर्भरताको विकास हुन सकोस् भन्ने धारणा नारीवादी चिन्तन परम्पराले अगाडि सारेको पाइन्छ । नारीवाद विशेष गरी पश्चिमी मुलुकमा विकसित हुँदै गएको र त्यसले पछिल्लो समयमा आएर साहित्यिक लेखनमा समेत प्रवेश पाएको छ । त्यस क्रममा यसका विभिन्न धारा उपधाराको विकाससँगै यसलाई उत्तराआधुनिकतावादी चिन्तनसँग जोडेर पनि हेर्न थालिएको छ। पछिल्लो चरणमा आएर नारीवाद विभिन्न स्वरूपहरू विकसित हुँदै आएका छन् । नारीवादलाई आदर्शवादी/परम्परावादी नारीवाद, उदारवादी नारीवाद, मार्क्सवादी नारीवाद, आमूल नारीवाद, समाजवादी नारीवाद, क्रान्तिकारी/उग्र नारीवाद, मनोविश्लेषणत्मक नारीवाद, उत्तरआधुनिक नारीवाद जस्ता प्रकारगत स्वरूपमा वर्गीकरण गरिएको छ ।

## नारी उत्पीडनमा चीत्कार कथा

नारीवाद साहित्य समालोचनाका क्षेत्रमा देखापरेको एउटा प्रणाली हो । यसले साहित्यिक कृतिमा नारीको भूमिका कुन रूपमा आएको छ भन्ने विषयको अध्ययन गर्दछ। नारीहरू पितृसत्तात्मक संरचनाका कारण दमन, शोषण र उत्पीडनमा परेका छन् । समाजका हरेक क्षेत्रमा पुरुषको आधिपत्य छ, सत्ता र शक्तिको उपयोग उनीहरूबाटै गरिने भएकाले पुरुष शक्तिशाली बन्न पुगेका छन् भने नारीहरू सत्ता र शक्तिबाट टाढा रहँदा हक र अधिकारबाट वञ्चित हुन पुगेका छन् । उनीहरूको आत्मसम्मानमा ठेस पुग्न थालेपछि त्यसको रक्षार्थ नारीहरू सङ्गठित भई पुरुषसत्ताका विरुद्धमा आवाज बुलन्द गर्ने अभियान सुरु गरे । यही अभियानले पछि आन्दोलनको रूप लियो र त्यसले सफलता प्राप्त गऱ्यो । पछि यसैलाई नारीवादका रूपमा स्थापित गरियो र साहित्यकृतिभित्र नारीहरूको स्थान, उपस्थिति र भूमिकाको व्याख्या तथा विश्लेषण गर्ने समालोचना पद्धतिको विकास भयो । साहित्यिक कृतिभित्रको समाजमा नारीहरूले पुरुषसत्ताबाट केकस्ता समस्या भोग्नुपरेको छ, नारीभित्र केकस्ता अन्तर्व्यथा, पीडा र संवेदना छन् तिनको अध्ययन नारीवादी कोणबाट गर्न सकिन्छ ।

प्रस्तुत अध्ययन नारीवादी समालोचना पद्धतिका आधारमा विश्लेषण गरिएको छ । विभिन्न बहानामा पुरुष वर्गबाट नारीहरू शारीरिक, मानसिक, आर्थिक, लैङ्गिकजस्ता उत्पीडन भोग्न विवश बनाइएका छन् । आर्थिक रूपले विपन्न नारीवर्गमाथि पुरुषवर्गले गरेका अन्याय, अत्याचार, दमन, शोषणका विषयलाई चीत्कार कथामा प्रस्तुत गरिएको छ । समाजमा कमजोर दीनहीन नारीहरूलाई दमन, थिचोमिचो, दबाव सिर्जना गरेर पुरुषले आफ्नो नियन्त्रणमा राख्ने र आफ्ना मतलब पूरा गर्ने कार्य गर्दै आएका छन् । समाजबाट यस्ता घृणित कार्य अझै पनि हट्न सकेका छैनन् । नेपालको दाङ लगायत अन्य क्षेत्रमा बसोवास गर्ने बादी जातिका नारीहरूले भोग्नु परेका यस्तै विवशतालाई कथाका माध्यमबाट व्यक्त गरिएको छ । यस कथामा आएका नारी पात्रहरूले भोग्नुपरेका पीडाजन्य अवस्थाको विश्लेषण गर्न लैङ्गिक, वर्गीय, सामाजिक तथा सांस्कृतिक उत्पीडनलाई कथा विश्लेषणको प्रमुख आधार बनाइएको छ ।

### लैङ्गिक उत्पीडन

लिङ्गलाई प्राकृतिक कुरा मानिए पनि समाजमा लैङ्गिक असमानता सिर्जना गर्ने कारक तत्व सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक कुरा नै हुन् । यस कथामा बादी जातिका नारीहरूले

भोग्नुपरेका यिनै पीडाजन्य अवस्थाको चित्रण गरिएको छ । आर्थिक रूपले विपन्न भएका यस जातका नारीहरू बाँच्नका लागि देह व्यापार गर्नुपर्ने बाध्यता एकातर्फ रहेको छ भने अर्कातर्फ यिनीहरू पुरुष वर्गको दमन, शोषणबाट प्रताडित हुनु परेको छ । पुरुष वर्गले नारीलाई उपभोग्या वा खेलौनाका रूपमा लिने परम्परित संस्कारलाई कथाले बोकेको पाइन्छ । शारीरिक रूपले होस् या मानसिक रूपले नारीलाई शोषण गर्ने कार्य कथित उपल्लो जातका पुरुषहरूबाट भएको पाइन्छ । पुरुषहरू जहाँ जे गरे पनि कलङ्कित हुनु नपर्ने तर महिलाहरू अपहेलित बन्नु पर्ने स्थिति विद्यमान छ । यति मात्र हैन यहाँ देह व्यापारमा संलग्न भएकै कारण नारीहरू पटकपटक हिंसाको सिकार बनेका छन् । कथामा तीनपुस्ते अर्थात् बज्यैदेखि आमा र नातिनीसम्मका नारी जातिले भोग्नुपरेका समान प्रकृतिका घटनाहरूलाई अगाडि सारिएको छ । चौध बर्ष पुगेकी बदेनीकी नातिनी यौन परिपक्व नहुँदै पुरुषको सिकार बन्न पुगेकी छ । भनिन्छ पुरुषले नारीका विचार, भावना, संवेदना बुझ्न सक्दैनन् । अगेनुको छेउमा बसेका बदेनीका तीन छोरी र एक नातिनीमध्ये युवकको आँखा चौध बर्से नातिनीमा लाग्छ 'बुढी बदेनी अब विश्वस्त भई, युवक चौध बर्से नातिनीसँग जब छिल्लिन थाल्यो, त्यसलाई नै रोज्नेछ । आफ्नो आँखासामुन्ने मुर्दा बनेर हेर्न सकिन । मयल कटकटिएको र फाटेको ओढ्नेले मुख ढाक्छे र मनमनै भन्छे अब छिटै काम सकेर पैसा छोडोस्' (सापकोटा, २०६१, पृ. २२५) भन्ने लागे पनि उसमा पीडाबोधको अनुभूति भएको र त्यसले मानिसक रूपमा बेचैनी अवस्थामा पुऱ्याएको देखिन्छ । यस्तै बदेनीकी नातिनी शारीरिक र मानसिक रूपमा यौनक्रिया गर्न तयार नभएको कुरा 'युवकका बलिष्ठ हातले दुधेगाला चिमोट्दा त्यसमा रातो डाम पर्छ । नातिनीलाई आनन्द आउँदैन, पीडा हुन्छ, जबरस्ती हात हटाउँछे र पीडालाई शब्दबाट व्यक्त गर्छे' (सापकोटा, २०६१, पृ. २२५) । अनि युवकहरूले चौध बर्से युवतीले 'आफूलाई नछानुन् र सुत्न जान पाइयोस्' (सापकोटा, २०६१, पृ. २२५) भन्ने कथनले नातिनीको यौनप्रतिको चाहना नै नभएको कुरा पुष्टि हुन्छ । कथामा आएका पुरुष पात्रहरूले नारीका संवेदना बुझ्न सकेका छैनन् । यहाँ चौध वर्से नातिनीमा यौनकार्य गर्न इच्छा नै देखिँदैन, बदेनीमा पनि नातिनीलाई पुरुषले नछानिदिए हुन्थ्यो भन्ने भाव व्यक्त भएकोले पुरुषले नारीका भावना बुझ्न सक्दैनन् यसको कारक लैङ्गिकता नै हो । नातिनी बाध्यात्मक अवस्थामा परेकी छे, यौनकार्य गर्दागर्दै चीत्कारको स्वर गुन्जिनु भौतिक प्रतिकार नभए पनि संवेगात्मक प्रतिकार भने मान्न सकिन्छ ।

शारीरिक र मानसिक अवस्था विकसित नभएकी नाबालक बदेनीकी नातिनीमाथि यौन परिपक्क भएको एउटा पुरुष यौनक्रियामा संलग्न हुन खोज्नु पुरुष मानिसकताको दानवीय प्रवृत्तिका साथै दमन, शोषण, अन्याय, अत्याचारको पराकाष्टा मान्न सकिन्छ । अग्लो र मोटो शरीर भएको बलिष्ट युवकको यौन संसर्ग सहन नसक्दा बदेनीकी नातिनीमा पीडायुक्त चीत्कार प्रकट भएपछि बुढी बदेनीमा देखिएको सन्त्रासपूर्ण मनोदशालाई यसरी व्यक्त गरिएको छ :

> 'बुढी बदेनी अत्तालिएर ब्यूँझी । चीत्कार त्यसका कानमा सियोझैँ रोपियो । बुढी जुरुक्क उठी र कराई – मेरी प्यारी नातिनीलाई मोराले माऱ्यो कि क्या हो? बुढी रोएको तिनीहरूले नदेखेको धेरै भएको थियो, आज देखे । बुढी अत्तालिएकी थिई र बर्बराउँदै थिई - तिमीहरू गएर किन हेर्दैनौ? मोरोले माऱ्यो कि क्या हो ?' (सापकोटा, २०६१, पृ. २२७) ।

माथि अभिव्यक्त कथनांशले समाज पुरुषवादी अहम्ताबाट ग्रसित छ, नारीहरू तिनका अत्याचार र दमन सहन अभिशप्त छन् । लैङ्गिक भिन्नताका कारण पुरुषले नारीका विचार, भावना, सोच, अनुभूतिलाई बुझ्न नसक्दा नारीहरू पुरुषको सिकार बनेर मानसिक रूपमा विच्छिप्त भई बाँच्न बाध्य बनाइएकामा विरोध जनाउँदै अव्यक्त रूपमा नारी आत्मसम्मानको खोजी गर्नुपर्ने कुरा कथाका माध्यमबाट आगाडि सारिएको छ । यस कथामा नारीका पीडा र क्रन्दनलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । यसका विरुद्धमा कुनै पनि नारी पात्रबाट पुरुष पात्रले गरेका पीडाजन्य कार्यप्रति सोझै आक्रोश र प्रतिकार गर्न नसके पनि नातिनीको चीत्कार सुनेपछि बदेनीले तिमीहरू गएर किन हेर्दैनौ, मोराले मार्‍यो क्या हो भन्ने कथनांशमा थोरै भए पनि प्रतिरोध तथा विद्रोहको पुट फेला पार्न सकिन्छ । पुरुषका यस्ता अकर्मण्य कार्यमाथि महिलाहरू खुलेर विरोध गर्न नसक्नु लैङ्गिक पितृसत्ताको बोलाबालका कारण हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । कथामा आएका सबै पात्रहरूले पुरुषोचित मानसिकतालाई नै मलजल प्रदान गर्ने कार्य गरेका छन् । शोषित, पीडित र उपेक्षित बादी जातिका महिलाहरूमा सोझै विरोध र प्रतिवादको अवस्था नदेखिनु समाजमा पुरुषसत्ताको दमन कायम नै छ भन्नु हो । अझ बादी जातिकै पुरुषले आफ्नो घरको जिम्मेवारी वहन नगरी रक्सी खाँदै हिड्ने गरेको प्रसङ्गलाई बुढी बदेनीले व्यक्त गरेबाट पनि यो कुरा स्पष्ट हुन्छ । अझ आफ्नै जातका पुरुषले पनि कुनै खालको सुरक्षा तथा प्रतिक्रियात्मक भूमिका प्रदान गर्न नसक्नु पुरुषसत्ताकै पृष्ठपोषण मान्न सकिन्छ ।

## वर्गीय उत्पीडन

नेपाली समाज वर्गीय दृष्टिले उच्च, मध्य र निम्न गरी तीन वर्गमा विभाजित छ । कथामा आर्थिक अवस्था कमजोर भएका निम्न वर्ग अर्थात् बादी समुदायका नारी पात्रहरूलाई कथाका प्रमुख पात्र बनाइएको छ । यहाँ बादी जातिका नारीहरूले जीवन यापनका लागि भोग्नुपरेको चरम आर्थिक अभाव एवम् सङ्कटावस्थाको चित्रण गरिएको छ । एक छाक खान र एकसरो लाउनका लागि गर्नुपरेको सङ्घर्षको कथामा उद्घाटित भएको पाइन्छ । चौध बर्से बदेनीकी नातिनीले निद्रा लागेको र सुत्न जान स्वीकृति माग्दा बज्यैको **'भोलि भोकै मर्नु छ भने जा'** (सापकोटा, २०६१, पृ. २२२) भन्ने कथांशले दैनिकी जीवन सञ्चालन गर्न आर्थिक सङ्कटको अवस्थालाई सङ्केत गरेको छ । यही प्रसङ्गलाई उठान गर्दै बुढी बदेनीले व्यक्त गरेको कथन यस्तो छ :

> भोकलाई शान्त पार्न चामल चाहिन्छ । तरकारी चाहिन्छ । नुन, तेल चाहिन्छ । भोक शान्त मात्र पारेर भएन, निर्वस्त्र बस्न मिलेन । सारी चाहियो, चोलो चाहियो । कानमा नक्कली गहना चाहियो । रातो लिपिस्टिक त अनिवार्य नै भयो । नत्र कसरी चिनाउने ? अगेनुमा बाल्न दाउरा चाहियो । अँगालोले मात्र पुग्दैन, राती सुत्दा सिरक चाहियो (सापकोटा, २०६१, पृ. २२२) ।

माथिको कथनले गरिवीको कारुणिक अवस्थालाई चित्रण गरेको छ । जीवन धान्नका लागि पेसाका रूपमा एक मात्र विकल्प यौन व्यापार बनेको छ । बदेनीका तीन छोरी र एक नातिनी आर्थिक स्रोतका आधार बनेका छन् । बिहानदेखि बेलुकासम्म यौन ग्राहकको बाटो कुरेर बस्नुबाहेक आम्दानीको अन्य स्रोत केही देखिँदैन । ग्राहकको उपस्थिति हुँदा बुढी बदेनीले 'तातो भात सम्झी जिब्रो फड्कार्दै खान पाइने गोलभेडाको अचार संझी । हाँसी, खुशी परिवारका सबै बसेर गफ गर्दै खाएको संझी' (

सापकोटा, २०६१, पृ. २२४) । भन्ने कुराले घरपरिबार चलाउन र बिहान बेलुकाको छाक टार्न मुस्किल भएको अवस्थालाई आर्थिक विपन्नताकै कारण मान्न सकिन्छ । कथामा आएका सबै नारी पात्रहरूको जीवन कष्टकर र कारुणिक देखाइएको छ । यौनलाई पेसाका रूपमा लिएका बादी समुदायका महिलाहरू शरीरजस्तो संवेदनशील कार्यमा संलग्न हुँदा उनीहरूले प्राप्त गरेको ज्याला/शुल्क अति न्यून रहेको र त्यसले घरपरिवार सञ्चालन गर्न सकिने अवस्था नरहेको देखाएको छ । बादी महिलाहरूबाट पुरुषहरू चरम सन्तुष्टि प्राप्त गर्ने र त्यसबापत थोरै पैसा दिने कुराले महिला यौनिक रूपमा मात्रै नभई आर्थिक रूपमा समेत पुरुषबाट शोषण, दमन र उत्पीडनमा पारिएका छन् भन्ने अवस्थालाई दर्साएको छ ।

पुस्तौली पेसाका रूपमा मान्यता पाएको बादी जातिका महिला यौनकार्यमा संलग्न भएबापतको ज्याला/मूल्य अति नै कम भएकाले उनीहरूको आर्थिक स्थिति पनि सबल बन्न सकेको देखिँदैन । वर्तमानमा मात्र हैन हिजोदेखि नै यी जातिका महिलाहरूले यौवन रहँदासम्म नाच गान, रसरङ्ग तथा यौनजन्य पेसा अँगाल्नुबाहेक अन्य आयआर्जनको कुनै पनि कार्य गर्न नसकेको कुरालाई बूढी बदेनीमार्फत व्यक्त गरिएको छ । यौन यौवनको व्यापार हो, त्यो पनि क्षणिक बैंस र उमेर भइञ्जेल मात्रै, बैंस र उमेर ढल्केपछिको अवस्था आर्थिक रूपमा अनुत्पादक हुने कुरालाई कथाकारले यसरी अगाडि सारेका छन् : ‘बूढी बदेनीको जीवन घर र आँगनमा सीमित भएको बर्सौं भएको छ । ठुलाठुला सहरमा गएर नाचेको, गीत गाएको, पैसा कमाएर ल्याएको स्मृतिमा मात्र सीमित छ । अब जे गर्छन् यिनै छोरी र नातिनीले । बूढीको जीवनको आस यिनीहरूमा नै टिकेको छ’ (सापकोटा, २०६१, पृ. २२४) । यस सन्दर्भले बादी जातिका महिलाहरूको आर्थिक आय आर्जनको बाटो उमेर र बैंस छउन्जेल मात्र हुने गरेको छ । पेसागत रूपमा अँगालिएको यौन व्यवसायमाथि उच्च र मध्यम वर्गका पुरुषका व्यवहार तथा क्रियाकलापले नारीहरू आर्थिक रूपमा समेत शोाषित र उत्पीडित बनाइएका छन् भन्ने विषयलाई यथार्थ रुपमा देखाउन खोजिएको छ । यसले नारीहरु पुरुषबाट शोषण र दमनमा पारिएका छन् तर उनीहरूले उचित ज्यालाका लागि संघर्ष गर्न नसके पनि त्यसको विरोध खुला रूपमा नगरी मौन अर्थात् साङ्केतित रूपमा भए पनि जनाएका छन् ।

## सामाजिक तथा सांस्कृतिक उत्पीडन

कथाकारले बादी नारीहरू सामाजिक तथा सांस्कृतिक रूपले पनि हेपिएका अर्थात् पछि पारिएका छन् भन्ने कुरालाई कथामार्फत व्यक्त गरिएको छ । सामाजिक संरचनामा बादी जातिका महिलाहरूको प्रतिनिधित्व सही रूपमा हुन सकेको पाइँदैन । समाजका कुनै पनि स्थानमा यिनीहरूको पहुँच नपुग्नु वा समाजले यिनीहरूलाई महत्व नदिनु आर्थिक रूपले विपन्न हुनुकै कारण विकल्पमा शरीर बेच्न बाध्य हुनु रहेको छ । खुला रूपमा गरिने यौन कार्य असभ्य, निकृष्ठ, फोहोरी हो भन्दाभन्दै पनि यौन व्यापारलाई परम्परागत संस्कृतिका रूपमा बादी जातिले लिएका छन् । यौन प्यास मेटाउनका लागि दुई युवक बदेनीको घरमा पुग्छन् ‘तिनीहरू तीस बर्से छोरीलाई हेर्छन् । तिनीहरू पच्चीस बर्से छोरीलाई हेर्छन् । तिनीहरू छब्बीस बर्से छोरीलाई हेर्छन् । तिनीहरूले चौध बर्से नातिनीलाई हेर्छन् । अन्त्यमा मान्छेको पसल थापेर बसेकी बुढी बदेनीलाई हेर्छन्’ (सापकोटा, २०६१, पृ. २२४) भन्ने कथनले बादी समुदायमा यौनधन्दाको संस्कृति खुला रहेकै कारण बुढी बदेनीदेखि छोरी, नातिनी तीनपुस्तासम्म एउटै ठाउँमा रहेर आफ्नो पेसागत धर्म निर्वाह गरेका छन् तर पनि यिनीहरू पुरुष पात्रबाट आर्थिक,

मानसिक तथा सामाजिक रूपमा समेत अपहेलित र दमित बनाइएका छन् । एउटा युवकले बुढीका चारवटै छोरी नातिनीलाई 'यी सबै तिम्रो विडो धान्ने सन्तान हुन् ?' (सापकोटा, २०६१, पृ. २२४) भनी प्रश्न गर्दा 'हो बाबु हो, हाम्रो कुलमर्यादा कायम गर्ने सन्तान हुन् यिनीहरू' (सापकोटा, २०६१, पृ. २२५) भन्ने बदेनीको कुराले बादी नारीको खुला यौन संस्कृतिको चिन्तनलाई प्रस्तुत गरेको छ । संस्कारगत रूपमा आएको यस्तो पेसालाई सामाजिक सन्दर्भमा सकारात्मक दृष्टिले हेर्न भने सकिदैन । यहाँ चौध बर्से बालिका खेल्ने र खाने समय अनि पुस्तक बोकेर स्कुल जानुपर्ने समयमा यी कुराबाट वञ्चित हुनुपरेको यथार्थ घटनाले राज्य र समाज दुवै पक्ष जवाफदेही र उत्तरदायी बन्न नसक्नु निम्नवर्गप्रति राज्य नै अनुदार हुनु नारीमाथि गरिएको शोषण र विभेदको एक रूप हो । सामाजिक विभेदका कारण सिर्जित समस्यामाथि बादी जातिका नारीहरूले सङ्गठित रूपमा देखिने गरी कुनै पनि संघर्ष नगरे पनि यसप्रति असन्तुष्टि भने व्यक्त गरेका छन् ।

परम्परादेखि बादी समुदायले अवलम्बन गरेको खुला यौन कार्यलाई राज्यका तहबाट समेत बेवास्ता गरिँदै आएको देखिन्छ । राज्यबाट मात्र नभई यो समुदायका अभिभावक (श्रीमान) ले समेत यौन कार्यमा महिलाहरू संलग्न हुन स्वीकृति दिनु एउटा परम्परागत संस्कृतिको निरन्तरता मान्न सकिन्छ । बादी समुदायभित्रका पुरुषले महिलाहरूलाई यौनकर्ममा लगाउनु, पुरुषहरू रक्सी पिउँदै हिड्नुलाई परम्परागत संस्कृतिका रूपमा मानेका छन् । एक युवकले रातको समयमा एउटा पनि पुरुष नदेखेपछि 'अनि यिनीहरूका बाबुहरू खोइ त ?' भनी प्रश्न गर्दा बूढी बदेनीले 'रक्सी खान गएका छन्, गाउँतिर' (सापकोटा, २०६१, पृ. २२५) भन्ने प्रसङ्गले बादी समुदायका पुरुषहरू रक्सीको लतमा लाग्ने र घरपरिबारप्रति जिम्मेबारी बोध नगर्ने सामाजिक तथा सांस्कृतिक संरचनाका कारण नारीहरू अन्य समुदायका पुरुषवर्गबाट शोषित, पीडित र अपहेलित हुन पुगेका छन् । नातिनी बदेनीलाई युवकले 'यति सानै उमेरमा काममा लागेकी कस्ती मान्छे? अरु काम केही छैन गर्न?' भन्ने प्रश्नमा 'यहाँभन्दा ठुलो काम के हुन्छ? हाम्रो त यो पुस्तौली काम हो' (सापकोटा, २०६१, पृ. २२६) भन्ने उत्तर बदेनीकी नातिनीले दिनुले पनि यौनकर्म सामाजिक र सांस्कृतिक रूपमा चलिआएको परम्परित पेसाका रूपमा आएको देखिन्छ । यसबाट बादी जातिका नारीहरू पीडित बनेका छन् तथापि यसका विरुद्ध आवाज बाहिर निकाल्न नसके पनि यस्ता कार्यबाट सन्तुष्ट हुन सकेको अवस्था भने देखिँदैन ।

नेपालको परिप्रेक्ष्यमा बादी जातिलाई आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक दृष्टिले सीमान्तकृत वर्गमा राख्न सकिन्छ । यस समुदायका पुरुषभन्दा नारीहरू उच्च र मध्यमवर्गीय पुरुषबाट अन्याय, अत्याचार, दमन र शोषण परेका छन् । सीमान्तकृत वर्गका रूपमा रहेको बादी समुदाय राज्यबाट उपेक्षित भएको र उनीहरूले राज्यबाट कुनै पनि सुविधा प्राप्त गर्न नसकेका कारण किनारामा पुगेका छन्, यी जातिमा नयाँ विचार, चिन्तन, सोंचको विकास हुन नसक्नुमा राज्य तथा सामाजिक संरचना नै बाधक देखिएकाले यी समुदायका नारी पात्र सँधै पुरुषसत्ताको दलनमा फस्न पुगेका छन् । नारीहरूको उत्थान, विकास र उन्नयनका लागि कुनै पनि कार्य हुन सकेका छैनन् । अन्य जातजातिका महिलाभन्दा भिन्न संस्कार, परम्परा र चिन्तन बोकेका यी बादी जातिका महिलाहरू आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक हिसाबले राज्यको पहुँचबाट टाढा रहेका छन् । यिनीहरू राज्य र समाजबाट हेपिए पनि कुनै पनि आन्दोलनको उद्घोष गर्ने अवस्थामा भने पुग्न सकेका छैनन् ।

## निष्कर्ष

कथाकार ध्रुव सापकोटाद्वारा लिखित चीत्कार कथा नारी संवेदनाको उत्पीडनलाई प्रतिनिधित्व गर्ने एक पठनीय कथा हो । कथाकारले नेपाली समाजकै एउटा अङ्गका रुपमा रहेका बादी जातिको समुदायभित्र लैङ्गिक, वर्गीय, सामाजिक तथा सांस्कृतिक पक्षबाट पीडित गराइएका नारी जातिका पीडाजन्य समस्यालाई विषयवस्तु बनाएर कथाको निर्माण गरेका हुन् । कथामा बादी जातिका नारीले एक मात्र विकल्पका रूपमा जीवन बाँच्नका लागि देहव्यापार गर्नुपरेको यथार्थ स्थिति र त्यसले सिर्जना गरेको शारीरिक तथा मानसिक स्थितिको कारुणिक अवस्थालाई चित्रण गरिएको छ । पुरुष जातिले नारीहरूका अनुभूति र संवेदनालाई बुझ्न सक्दैनन् भन्ने नारीवादी चिन्तनअनुरूप पुरुष जातिले नारीलाई सँधै दमन, शोषण, अन्याय, अत्याचारको सिकार बनाएको कुरा यौनपुष्ट नहुँदै चौध बर्से बदेनी नातिनीलाई युवकले गरेको यौनशोषण र त्यसको पीडा सहन नसकी प्रकट भएको चीत्कारले पुष्टि गरेको छ । आर्थिक रूपले विपन्न भएका कारण एक छाक खान र एकसरो लगाउन शरीर बेचेर बाँच्नका लागि संघर्ष गर्नुपरेको अवस्थालाई यथार्थ रूपमा चित्रण गरिएको छ । बादी जातिको आयआर्जनको मूलस्रोत यौन व्यवसाय नै हो त्यो पनि बैंस र उमेर छउञ्जेल मात्र रहन्छ । यिनीहरूले यौन पेसालाई सामाजिक तथा सांस्कृतिक परम्पराका रूपमा लिएका छन् । परम्परित चिन्तनलाई आँगाल्दै आएका यी नारी चरित्रमा पुरानै चिन्तन, सोच र विचार देखिएकाले पनि यिनीहरू पुरुषबाट नचाहँदा नचाहँदै पनि पीडित र शोषित हुँदै आएका छन् तर खुलेरै विद्रोह भने गर्न सकेका छैनन् जसको कारक पितृसत्ता नै हो । अझ यसलाई बदेनीकी नातिनीले आमाहरूले नै अँगालेको पुस्तौली पेसामा लाग्नु ठुलो काम हो भन्ने सन्दर्भले समेत नारी नारीबाट नै शोषित, पीडित हुन पुगेका छन् तर आवाज उठान सकेका छैनन्, यसको कारण भने पुस्तौलीदेखि चलिआएको यौनधन्दाजस्तो विकृत संस्कृतिलाई मान्न सकिन्छ । बदेनीकी नातिनीको चौध वर्षको उमेर खेल्ने र खाने अनि स्कुल जाने समय हो तापनि बाध्य भएर यौनाङ्ग विकसित नहुँदै शारीरिक सम्पर्क गर्नु र सहन नसकी पीडायुक्त चीत्कार प्रकट गर्नु नारीमाथिको निर्मम, निर्दयी, क्रुर संवेदनाहीन पुरुषवादी चिन्तनको उपज हो । यस कुराको पुष्टि नारीका संवेगात्मक अवस्थाको परिदृश्यबाट देख्न सकिन्छ तर पनि त्यस्ता कार्यका विरुद्ध सचेत रुपमा नारीहरू अगाडि नबढ्नुको पछाडि लुकेको रहस्य सामाजिक तथा सांस्कृतिक पितृसत्तात्मक परम्परा नै हो । समग्रमा कथामा चित्रण गरिएका नारी पात्रहरू कुनै न कुनै रुपमा पुरुषबाट प्रताडित बनाइएको छ । त्यसका विरुद्ध बुलन्द रूपमा विद्रोहको स्वर बाहिर आउन सकेको देखिँदैन तर पनि समय र परिस्थितिअनुरूप विद्रोहका स्वर साङ्केतिक तथा गौण रूपमा आएको छ । समग्रमा पुरुषप्रधान समाजले नारीको लैङ्गिक, वर्गीय, सामाजिक तथा सांस्कृतिक उत्पीडनलाई प्रश्रय दिँदै आएको छ । पुरुषबाट गरिएका यस्ता कुकृत्य र अमानवीय कार्यको अन्त्य गरी नारी जातिको उत्थान र विकासका सबै लाग्न सकेमा मात्र समतामूलक समाज निर्माण गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, ज्ञानु (२०६८) *नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण,* पैरवी प्रकाशन ।

अधिकारी, लक्ष्मी शरण (२०६८) *आधुनिकता, उत्तरआधुनिकता र नेपाली आख्यान,* नेपाली लेखक संघ ।

उप्रेती, सञ्जीव (२०६८) *सिद्धान्तका कुरा,* अक्षर क्रियसन नेपाल ।

त्रिपाठी, सुधा (२०६८) *नारीवादी सौन्दर्य चिन्तन,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६९) 'पाश्चात्य नारीवाद र त्यसको स्वरूप', *रत्न वृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* (पृ. २०९–२२३), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न पुस्तक भण्डार ।

शर्मा, विष्णुप्रसाद (२०७८) *उत्तरवर्ती साहित्य सिद्धान्त प्रवृत्ति र प्रयोग,* हिमालय प्रकाशन प्रा.लि. ।

सापकोटा, ध्रुव (२०६१) 'चीत्कार', *नेपाली कथा भाग ३,* (तेस्रो.संस्क.), (पृ. २२२–२२७), ऋषिराज बराल (सम्पा.), साझा प्रकाशन ।

भट्टराई जयदेव (सम्पा.) (२०५४) *साहित्यकार परिचय र अभिव्यक्ति,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१) *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।